## छुटानामपछि जिम्मेवारी बाँडफाटको बारेमा...तपाईंले के जान्नु पर्छ

**३/२७/२०१४ मा अन्तिम पटक संशोधन गरिएको।**

जब आमाबाबु आफ्ना वैवाहिक सम्बन्धलाई समाप्त गर्न गृह सम्बन्ध अदालत (वा मातृत्व/पितृत्व कार्यवाहीमा जुभिनेल अदालत) मा आउँछन्, तिनीहरूका बालबच्चालाई के हुनेछ त्यसको बारेमा अदालतले सम्बोधन गर्नै पर्छ। विवाह/सम्बन्धको अन्त्य हुनसक्छ, तर दुवै पति/पत्नी आमाबाबुका रूपमा रहिरहन्छन्, र तिनीहरूका सन्तानले दुवै बाबु/आमालाई सम्पर्क गर्नु आवश्यक हुन्छ।

### कानून कसरी परिवर्तन भएको छ?

म्बन्ध-विच्छेद गर्ने परिवारका सन्तानहरूसँग सम्बन्धित कानून गत केही दशकमा नाटकिय रूपले परिवर्तन भएको छ। २० औ शताब्दीमा धेरै जसोले, आफ्ना बालबालीकालाई आफ्नो सम्पत्तिलाई जस्तो व्यवहार गर्थे। सम्बन्धित पक्षहरू आफ्ना सन्तानको भाग्यलाई नियन्त्रण गर्ने अधिकारको निम्ति लड्थे, तिनीहरूको तर्कलाई अदालतले सन्थे र अन्त्यमा बाबु वा आमाले जित्थ्यो र बच्चाको लालनपालन गर्न दिइन्थ्यो। अर्को पक्षलाई भेटघाट गर्ने अधिकार दिइन्थ्यो।

समय बित्दै जाँदा, न्यायाधीश, वकील, मनोवैज्ञानिकहरू र अन्यले के पत्ता लगाए भने, यस प्रक्रियाले बच्चामा गर्ने असर धेरै ठूलो हुन्छ र धरै जसो आसा गरेभन्दा नकरात्मक प्रभाव। अदालत र विधायिकाले आफ्नो ध्यान आमाबाबुको अधिकारदेखि सन्तानको अधिकारतर्फ केन्द्रित गर्नथाल्यो।

### लालनपालनको अधिकार र जिम्मेवारीहरू कसरी विभाजन गरिन्छ?

*बाँडफाट लालानपालन* भए पनि वा एक *आवासीय बाबु/आमा*लाई कानूनले लालानपालनको निम्ति नियुक्त गरेको भएतापनि, परिवारले आफ्नो सन्तानसँग बिताउने समयलाई हाल *लालनपालनको समय* भनिन्छ (भेटघाट होइन)।

हाल आमाबाबुको लालनपालन गर्ने अधिकार र जिम्मेवारीलाई विभाजन गर्ने प्रक्रियाले, बाबु र आमाबीच जत्तिसुकै समस्या भएपनि आमा/बाबुसँगको सम्बन्धलाई कायम राख्दै बच्चाको माया, सहयोग पाउने अधिकारमा जोड दिँदछ।

आफ्ना सन्तानको हेरचहारका विषयमा आमाबाबु दुवैसँग निश्चित अधिकार र जिम्मेवारीहरू हुन्छन्। बाबुआमाको सम्बन्ध-विच्छेद वा छुटानाम भएको अवस्थामा यी अधिकार र जिम्मेवारीहरू झनै महत्वपूर्ण हुन्छन्। बालबच्चाको "सबैभन्दा हित" सुरक्षित भएको छ भन्ने कुरालाई सुनिश्चति गर्ने भूमिका अदालतको हुन्छ। त्यसैले, बाबु-आमाको अधिकार र जिम्मेवारीहरूलाई बाबु र आमालाई स्पष्ट रूपले “प्रदान गरिन्छ”।

जब बाबु र आमा असहमत हुन्छन्, त्यस अवस्थामा अदालतले *प्रतिनिधि संरक्षक* नियुक्त गरी निरक्षण गर्न र बच्चा(हरू)को सबैभन्दा उत्तम हितमा हुने कुरालाई सिफारिश गर्दछ। साथै, यदि दुवै परिवारले यसको निम्ति प्रस्ताव अनुरोध गर्छ भने, अदालतले बच्चा(हरू) सँग व्यक्तिगत रूपमा अन्तरवार्ता लिँदछ, र यदि बच्चा(हरू) आफ्नो इच्छा जाहेर गर्न सक्ने परिपक्व रहेको अदालतले निर्धारण गरेमा, अदालतले तिनीहरूले बताएको इच्छालाई लिनेछ। कुनै बच्चालाई पनि "छनौट" गर्न कहिल्यै *अनिवार्य* गरिँदैन, र बच्चाको इच्छा अनुसार प्रदान गर्ने कि नगर्ने त्यसको निम्ति अदालतले विवेक पूर्ण ढङ्गले निर्णय गर्दछ। बच्चालाई लालाइ-फकाइ वा जबरजस्तीबाट बचाउनको निम्ति, बच्चाको लिखित वा मौखिक बयान दिन बाबु र आमालाई अनुमति छैन, र यदि यस्तो बयान अघि सारिएमा, अदालतले यसलाई लिने अनुमति हुँदैन।

बाँडफाट गरिएको लालनपालनमा, बाबु र आमाले लालनपालनको अधिकार र कर्तव्यलाई बाँडफाट गरिएको लालनपालन योजना अनुसार बाँडफाट गर्छन्। जिम्मेवारीहरू कसरी बाँडफाट गर्ने सो कुराको विवरण दिई एक वा दुवै पक्षले अदालतमा प्रास्तावित योजना पेश गर्नेछ। बाबु र आमासँग बच्चाले विताउने समयको विभाजन बाराबर हुनुपर्ने आवश्यक छैन। बच्चाको सबैभन्दा उत्तम हितमा छ कि छैन त्यसको निर्धारण गर्नको निम्ति अदालतले योजनालाई पुर्नअवलोकन गर्छ। त्यसपछि अदालतले योजनालाई लागू गर्न सक्छ, सम्बन्धित पक्षहरूलाई यो संशोधन गर्न अनुरोध गर्नसक्छ र संशोधन गरिए अनुसार लागू गर्न सक्छ, वा योजनालाई इन्कार गर्न सक्छ। अदालतको नामञ्जुरीलाई सम्बोधन गर्न आमा/बाबुले योजनालाई पुन: जाँच्न सक्छ, वा अदालतले बाँडफाट गरिएको लालनपालनलाई पूर्ण रूपमा इन्कार गरी आमा वा बाबुमध्ये एकलाई आवासीय बाबु/आमा र कानूनी रूपमा लालनपालन गर्ने पक्षका रूपमा नामांकित गर्नसक्छ।

गैर-आवासीय बाबु/आमासँग निरन्तर अभिभावकत्व समय, बच्चाको विद्यालय क्रियाकलापमा सहभागी हुने, बच्चाको विद्यालय वा मेडिकल कागजातलाई प्राप्त गर्ने, र आवासीय बाबु/आमा बच्चासँग नयाँ आवासमा बसाइ सरेको बारे जानकारी प्राप्त गर्ने अधिकार हुन्छ। गैर-आवासीय बाबु/आमालाई प्राय: बच्चाको सहयोग र बच्चाको स्वास्थ्य हेरचहार खर्चको प्रतिशत तिर्ने आदेश हुन्छ। उपलब्ध भएमा, बच्चाको निम्ति स्वास्थ्य विमा सेवा प्रदान गर्ने आदेश बाबु-आमामध्ये एक वा दुवैलाई दिइन्छ।

**ध्यानमा राख्नु पर्ने केही निर्देशनहरू के-के हुन्?**

1. *सम्बन्ध-विच्छेद वा छुटानाम अत्यन्तै भावनातम्क अनुभव भन्ने कुरालाई पहिचान गर्नुहोस्।* तपाईं आफै र तपाईंको बच्चालाई समायोजनको निम्ति समय दिनुहोस्।

2. *बच्चाहरूलाई यो निश्चयता दिनुहोस्: तिनीहरूका कारणले विवाह-विच्छेद भएको होइन र आमा/बाबु दुवैले तिनीहरूलाई प्रेम गर्छन्।*

3. *तपाईंले उसको बाबु/आमालाई घृणा गरेभन्दा बढी तपाईंको बच्चालाई प्रेम गर्नहुन्छ, त्यसैले, बच्चाको बाबु/आमाको आलोचना नगर्नुहोस्, जसलाई प्रेम गर्ने र आदर गर्ने अधिकार तपाईंको बच्चाको हुन्छ।*

4. *तपाईंको बच्चालाई पक्ष लिने वा "छनौट" गर्न जबर्जस्ती गर्ने वा उत्साह दिने नगर्नुहोस्।*

5. *तपाईंले अदालतको आदेशलाई पालन गर्नु पर्ने नभएसम्म, बच्चाको समय तालिकालाई परिवर्तन नगर्नुहोस्।*

6. *लालनपालनको समयमा वा त्यसभन्दा पहिले मादक पदार्थ सेवन नगर्नुहोस् वा लागूऔषध प्रयोग नगर्नुहोस्। तपाईंको बच्चा(हरू) को सुरक्षा तपाईंको सही मूल्याङ्कन र शिघ्र कार्यमा निर्भर रहन सक्छ।*

*7. तपाईंको बच्चालाई आमा र बाबु दुवै आवश्यक पर्छ।*

8. *सम्बन्ध-विच्छेद वा छुटानामले आमा बाबु दुवैलाई आर्थिक दवावमा पार्दछ र धेरै पटक प्रत्येकले परित्याग गर्नुपर्छ।* आफ्नो बच्चालाई अर्को पक्षलाई कुनै आलोचना नगरी आवश्यकता र चाहानाबीच रहेको फरकलाई सिकाउनुहोस्।

9. *वैवाहिक फूट बच्चाको निम्ति जहिल्यै गाह्रो हुन्छ।* बच्चालाई दु:खी अनुभव गर्न र तिनले चाहेको बेला कुराकानी गर्न दिनुहोस्। अदालतको प्रक्रियाहरू र कागजातहरूका बारेमा बताएर तिनीहरूमा भार थुपार्ने काम नगर्नुहोस्।

10. *वैवाहिक सम्बन्ध छुटानामले तिनीहरूको बच्चाको अनुशासन र सुधारलाई हस्तक्षेप गर्नुहुँदैन भन्ने कुरा दोषी आमा/बाबुले अनुभव गर्न सक्छ।* आमा र बाबु दुवै सँगै बस्दा अनिवार्य रहेको अनुशासन, तिनीहरू छुटिएपछि कम महत्त्वको हुँदैन, त्यतिकै महत्त्वपूर्ण हुन्छ। अनुशासनको नियम समान भएमा बच्चाले बाबु वा आमा विरुद्ध कुरा गर्ने सम्भावना हुन्छ। विशेष ललाइफकाइ वा तपाईंले पूरा गर्न नसक्ने प्रतिज्ञा गरेर तपाईंको बच्चाको मन जित्ने प्रयास नगर्नुहोस्। सौतेनीआमा/बाबुको आफ्नो घरमा नियम राख्ने अधिकारको सम्मान गर्नुहोस्।

**पालन गर्नु पर्ने केही लालनपालन-समय निर्देशनहरू के-के हुन्?**

1. *बच्चा र गैर-आवासीय बाबु/आमाबीच बेला-बेला गरिने सम्पर्कलाई कायम राख्नुहोस्।* यसले बच्चाको इन्कारको भावना वा विवाह-विच्छेदप्रति दोषी भावना र तिनीहरूले आफ्नो बाबु/आमालाई कहिल्यै देख्न पाउनेछैन भन्ने डरलाई कम गर्न सहयता गर्छ। यो विशेष साना बच्चाको हकमा लागू हुँदछ। हरेक अदालतमा

विशेष वा नमुना लालनपालन समय तालिका हुँदछ। तपाईंको वकीललाई सोध्नुहोस् वा तपाईंको अदालतको वेबसाइटमा हेर्नुहोस्। तपाईंको बच्चाको निम्ति कुन तालिका सबैभन्दा उचित हुन्छ त्यसको निम्ति छलफल गर्न नमूना आदेशलाई प्रयोग गर्नुहोस्। बाबुआमा दुवैले (वा बाबु वा आमामध्ये एकले अदालतलाई अनुरोध गर्न सक्छ) नमूना आदेशको कुनै भागलाई परिवर्तन गर्न हटाउन अनुरोध गर्न सक्छ।

2. *समय समयमा, तपाईंले आफ्नो तालिका मिलाउनु पर्ने आवश्यक हुन्छ।* गलतफहमीबाट बच्नको निम्ति गुगल क्यालेन्डर (Google calendar) वा अनलाइन तालिका संयन्त्र प्रयोग गर्नेबारे विचार गर्नुहोस्। यदि बच्चाले बाबु-आमाको लालनपालन समय तालिकासँग बाझिने प्रकारको योजना बनाउन चाहान्छ भने, बाबु/आमा (अर्को पक्ष) लाई सहमत हुन र/वा लालनपालन समयको तालिका पुन: निर्माण गर्न *अनुरोध* गरिनु पर्छ। बाबु/आमाको व्यवहारले तिनीहरूका बच्चाको भावनातम्क समायोजनलाई अत्यन्तै गहन रूपमा असर गर्दछ। आवासीय बाबु/आमाले जानी-जानी र घरी-घरी विवाद खडा गर्नुहुँदैन।

यदि पहिले तोकिएको लालनपालन समय रद्द गर्न वा ढिलाई गर्न आवश्यक परेमा, अर्को पक्षलाई सकेसम्म चाँडो जानकारी गराउनुहोस् र बच्चालाई पूर्ण रूपमा विवरण दिनुहोस्। गैर-आवासीय बाबु/आमा जसले आवासीय बाबु/आमालाई जानकारी दिँदैन र सम्झौतामा उल्लेख गरिएको समयभन्दा पछि उपस्थित हुन्छ भने उसको लालनपालन अवधिलाई गुमाउन सक्छ।

3. *बच्चासँग बिताइएको समय बच्चाको निम्ति र बाबु/आमाको निम्ति सुखद हुनुपर्छ।* बच्चाको उपस्थितिमा बाबु/आमाले एक अर्कालाई आलोचना गर्ने वा आक्रमण गर्ने गर्नुहुँदैन, बच्चालाई दुवैसँग सकरात्मक सम्बन्ध कायम राख्न सहायता गर्नुपर्छ।

4. *अपेक्षा गरिएको समयमा बच्चा उपलब्ध र तयार हुनुपर्छ।* आवासीय बाबु/आमाले बच्चालाई भेटघाट/यात्राको निम्ति शारीरिक र मानसिक रूपमा तयार गर्नै पर्छ, र यातायात प्रदान गर्ने बाबु/आमा समयमा नै उपस्थित हुनुपर्छ। कुनै पनि समस्याको बारेमा कुराकानी गर्ने क्रममा शिष्टाचारसित गरियो भने अन्यौलता, निराशा र रिसलाई हटाउँदछ।

5. *लालनपालन अवधिले परिवार र बच्चालाई एक-अर्काको उपस्थितिप्रति रमाउने र सकरात्मक सम्बन्ध कायम गर्न सहायता गर्छ।* भेटघाटको समयमा अरू मानिसहरूलाई सहभागी गराउँदा बाबु/आमा र बच्चाको अनुभवलाई फितलो गर्न सक्छ, त्यसैले एक अर्कासँग बिताइएने समयमा—सौतेनी परिवारको सदस्य, बाजेबोजु

वा अन्य आफन्तहरू नै किन नहोस्—सीमित गरिनुपर्छ। बच्चालाई उनको बाबु/आमाको समय र दोहोर मन नभएको ध्यान जतिसके धेरै चाहिन्छ।

6. *आफ्ना बच्चासँग बाबु/आमाले समय बिताउनु अत्यन्तै महत्त्वपूर्ण हुन्छ।* तपाईं आफै उपस्थित भई—सिकाउनु, कुराकानी गर्नु र खेल्नु—पैसा खर्च गर्नुभन्दा धेरै महत्त्वपूर्ण कुरा हो।

7. *आफ्ना बच्चाहरूसँग बिताउने समयमा एक-अर्काको जाँच गर्नको निम्ति बिताउनु हुँदैन।* बच्चाहरूलाई जासूसका रूपमा प्रयोग गर्नु हुँदैन। बाबुआमाले एक अर्कालाई घृणा गर्छन् भन्ने सोचाइ धेरै पटक बच्चाको मस्तिष्कमा हुन्छ। त्यसैले, यदि बच्चाले बाबु वा आमालाई खुसी पार्न केही कुरा गरेमा अर्को पक्षले उसलाई घृणा गर्छ भन्ने विचार उनले गर्नसकछ। उसको विचारमा उसले पहिले नै आफ्नो एक जना परिवारलाई गुमाइसक्यो र अर्कोलाई पनि गुमाउछु कि भन्ने डर हुन्छ। बाबुआमाले साझे सम्मान देखाउनु पर्छ र आफ्ना बच्चालाई बाबु र आमा दुवैलाई प्रेम गर्न सिकाउनु पर्छ।

8. *उसको आवश्यकता समबन्धी निर्णय गर्नमा बाबुआमाले प्रयास गर्नु पर्छ।* यो विशेषगरि अनुशासन र सुधारको विषयमा लागू हुन्छ, ताकि बाबुआमाले एक अर्काको प्रयासलाई अपहेलन नगरून्।

9. *यदि तपाईं आवासीय बाबु/आमा हुनुहुन्छ भने, बच्चाको विद्यालय प्रस्तुतीको सम्पूर्ण विवरणको प्रतिहरू गैर-आवासीय पक्षलाई प्रदान गर्नुहोस्।* गैर-आवासीय बाबु/आमाले समेत बच्चाको विद्यालय प्रस्तुती र बच्चाको विद्यालय वैकल्पिक कृयाकलापहरू बारेमा जानकारीहरू अनुरोध गर्न सक्छ। परिवार-शिक्षक बैठक जस्ता विद्यालया कृयाकलापमा आमाबाबु दुवै सहभागी हुनु पनि अति नै महत्त्वपूर्ण कुरा हो।

10. *आवासीय बाबु/आमाको जिम्मेवारी भनेको गैर-आवासीय बाबु/आमासँगै हुँदाको अवस्थामा बच्चालाई आवश्यक पर्ने लुगाफाटो र व्यक्तिगत प्रभावहरू प्रदान गर्नु हो।* सामान्यतया, गैर-आवासीय बाबु/आमाले आफ्नो निवासमा बच्चाको निम्ति लुगाफाटो राख्दैन। यी सामाग्रीहरूलाई भेटघाटपछि सकेसम्म चाँडै बच्चाकहाँ फर्काइदिनुपर्छ।

11. *बाल सहायता अधिकार र लालनपालन समय अधिकार भनेका फरक अदालती आदेशहरू हुन्।* गैर-आवासीय बाबु/आमा वा हेरचहार गर्ने व्यक्तिले लालनपालनको समय गल्तीवस इन्कार गर्छ भने पनि आदेश अनुसार बाल सहायता प्रदान गरिनु पर्छ। तपाईंको वकीलसँग परामर्श लिनुहोस्। सहायता रकम प्रदान गर्न

नसक्नु र/वा तपाईंको लालनपालनको समयलाई हेल्चेक्र्याइ गर्नाले तपाईंको बच्चालाई हानी गर्न सक्छ। यदि तपाईंले अदालतको आदेशलाई उल्लङ्घन गर्नुभयो भने, तपाईंलाई अदालतको अवहेलना गरिएको दोषी ठहराइन सक्छ र तपाईंले जरिमाना तिर्नु पर्ने, अर्को पक्षको वकीलको शुल्क तर्नुपर्ने र/वा जेल जीवन बिताउनु पर्ने हुनसक्छ।

**मैले कहाँ सहायता प्राप्त गर्न सक्छु?**

लालनपालनको अधिकार तथा दायित्वको बाँडफाट भनेको परिवारको नयाँ जीवनशैलीको एउटा भाग मात्र हो। विवाह-बिच्छेदको कारण परिएका धेरै परिवर्तनहरूलाई मिलाउने क्रममा बाबु/आमाले आफ्नो बच्चाको आवश्यकतामा आफ्नो ध्यान केन्द्रित गर्नु महत्त्वपूर्ण हुन्छ। धेरै प्रान्तले सम्बन्ध-विच्छेद गरेका बाबु-आमाका निम्ति परिवार शिक्षा सम्बन्धी गोष्ठी प्रदान गर्दछ र केही प्रान्तले विवाह-विच्छेद गरेका हरेक परिवारलाई गोष्ठीमा सहभागी हुन अनिवार्य गरेका हुन्छन्। यी कार्यक्रमहरूले, बच्चाले आफ्नो बाबुआमाको विवाह-बिच्छेतप्रति देखाउने बिभिन्न प्रकारका प्रतिक्रियाहरूलाई दृष्टीगत गर्दछ र तिनीहरूलाई परिवर्तनको सामना गर्न सहायता गर्नको निम्ति उपायाहरू प्रदान गर्दछ।

धेरै अदालतहरूले सम्बन्ध-विच्छेद वा छुटानाम गरेका आमाबाबुलाई सहायता गर्नको निम्ति तालिम प्राप्त परिवार मध्यस्तकर्ताहरूलाई प्रयोग गर्छन्। मध्यस्तकर्ताहरूले बाबुआमालाई असहमतीलाई समाधान गर्न र बच्चाको हेरचहारमा सहकार्य गर्न सहायता गर्न सक्छ।

यदि तपाईंलाई सम्बन्ध-विच्छेदभन्दा पहिले, त्यसको अवधिमा वा त्यसपछि विवाह र/वा परिवार परामर्शको आवश्यकता परेमा, सल्लाह-सुझावको लागि तपाईंले आफ्नो वकील, सरकारी एजेन्सी, तपाईंको परिवार चिकित्सक, वा धार्मिक वा आत्मिक परामर्शदातालाई अनुरोध गर्न सक्नुहुन्छ। तपाईंले चिकित्सक वा वकीललाई छनौट गर्नुभए जस्तै परामर्शदातालाई पनि छनौट गर्नुहोस्। अधिकारहरू, तालीम र काम गरेको अनुभवका बारेमा सोध्नुहोस्।

*३/२७/२०१४*

*© मार्च २०१४ ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)*

लफ्याक्ट पम्प्लेट सेरिज (LawFacts Pamphlet Series)

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)

PO Box 16562

Columbus, OH 43216-6562

(800) 282-6556 or (614) 487-2050

www.ohiobar.org

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Foundation) द्वारा अनुदान

लफ्याक्ट सार्वजानिक जानकारी पुस्तिकाको यो एउटा श्रृंखला हो। अरू, ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association) लाई लिखित रूपमा माग गरी तपाईंको वकिलको कार्यलयमार्फत अथवा www.ohiobar.org बाट प्रापत्त गर्न सक्नुहुन्छ।

*यो पुस्तिकामा समावेश गरिएका जानकारी सामान्य छन्, र पहिले तपाईंको वकीलसँग परामर्श नलिई यसलाई कुनै विशेष कानूनी समस्यामा लागु गरिनु हुँदैन।*

यस कानुनी सत्यता पर्चा श्रृंखलाले उपोभाक्ताहरुको लागि धेरैजसो आइपर्ने कानुनी बिषयमा सामान्य जानकारी प्रदान गर्दछ .

केहि कानुनी सत्यता पम्प्लेट्सहरु एशियन सेर्विचेसले अंग्रेजीदेखि विविन्न एशियाली भाषामा, ओहायो राज्य बार फाउनदेशनको आर्थिक सयोगमा अनुवाद गरिएको छ . एसियन सेर्विचेस इन एक्शन, इनक., ओहायो राज्य अफ बार एसोसीएसनसंग सहयोगी, सहायक, वा सम्बन्धित, व्यक्ति वा संस्था होइन . ओहायो राज्य बार एसोसिएसनले अनुवादको शुद्धता या पूर्णता को रूपमा कुनै प्रतिनिधित्व वा वारंटी गरको छैन . कृपया अनुवाद प्रक्रिया कानुनी अर्थ सटीकता प्रभावित हुन सक्छ भन्ने कुरामा सचेत हुनुहोस . यस कानुनी सत्यता पर्चा श्रृंखलाको इरादा विशिष्ट परिस्थितिमा कानुनी सल्लाहको विकल्प होइन . कानुनी सल्लाह लागि, तपाईं सधैं आफ्नो विशेष स्थिति र क्षेत्राधिकार लागू हुन्छ भनेर व्यवस्थाको ज्ञान भएको वकीलसंग परामर्श गर्नुपर्छ ।

With the permission of Ohio State Bar Association, the translation of this Brochure was completed by Asian Services In Action, Inc., which was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.